# अर्थ मन्त्रालयसँग सम्वन्धित सार्वजनिक विवरण

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली,२०६५को नियम ३ को प्रयोजनार्थ

( २०७७ माघ देखि २०७७ चैत्र सम्म)



अर्थ मन्त्रालय

सिंहदरवार

वैशाख २०७८

**www.mof.gov.np**

# १. अर्थ मन्त्रालयको परिचय र उद्देश्य

## पृष्ठभूमिः

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकास क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने कार्य अर्थ मन्त्रालयको जिम्मेवारी हो। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा र पूँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा र कार्यान्वयन सम्वन्धी कार्य अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेको छ।

## दीर्घकालीन सोचः

नतिजामूलक सबल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गरी दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान मार्फत सवल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

## उद्देश्यः

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

## रणनीतिः

- दक्ष, व्यवसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई करयोग्य सवै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने।
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा प्रभावकारी र न्यायोचित रुपमा विनियोजन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र र तिनीहरूले पुऱ्याउने
- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने। प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने।
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- निकासा, लेखाङ्कन, अन्तरिक लेखा परीक्षण लगायतका सरकारीको लेखा, सरकारी खर्च र राजस्वको नियमनको कार्य गर्ने,
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरु व्यापक रुपमा सिर्जना गर्ने निकासीजन्य उत्पादनका क्षेत्रमा वाह्य सहायता गर्ने।

- अन्तराष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने।
- आधिकाधिक अन्तराष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वशर्त मानिने क्षेत्र र विषयहरुमा केन्द्रीत गर्ने।
- राष्ट्रिय वजेट प्रणालीमा आवद्ध हुनेगरी अन्तराष्ट्रिय विकास सहायता प्राप्त गर्ने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने।
- अन्तरसरकारी वित्त व्यवस्थालाई प्रभावकारी तुल्याउँदै वित्तीय संघीयता कार्यान्वयन मार्फत स्रोत र साधनको उच्चतम प्रतिफलयुक्त ढङ्गले परिचालन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- निजीकरण भएका संस्थानको कार्यकुशलता अनुगमन गर्दै सरकारी स्वामित्वमा सञ्चालनमा रहेका संस्थानहरूको व्यवसायिक सञ्चालन गर्ने।
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा विनियोजन गर्दै यस्तो ऋणलाई निजी क्षेत्रलाई स्रोतको अभाव हुन नदिने गरी परिचालन गर्ने।
- आन्तरिक ऋण व्यवस्थापन र वाह्य ऋण व्यवस्थापनलाई एकीकृत रुपमा छुट्टै निकाय मार्फत संचालन गर्ने।


## २.कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्ः

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्तसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैक सञ्चालन, नियमन र मौद्रिक तथा कर्जा नीति,
- बैक तथा वित्तीय संस्थाहरू सम्वन्धी नीति, कानुन, समन्वय र नियमन,
- विदेशी मुद्रा सम्वन्धी कानून, नियमन तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्गसम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तराष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,
- वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय साहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,
- संघीय सञ्चित कोष वा संघीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,
- वजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,

- संघ, प्रदेश र स्थानीय तहको आन्तरीक र वैदेशिक ऋण एवं अनुदानसम्बन्धी नीति, कानुन र नियमन,
- तलव, भत्ता तथा उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्वसम्बन्धी विषय,
- संघ प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धि नीति कानुन र मापदण्ड,
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्वसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको संचालन र सुदृढीकरण,
- सार्वजनिक खर्चसम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधि सम्वन्धी नीति कानुन मापदण्ड, कार्यान्वयन र नियमन,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- संघ प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरणसम्बन्धी नीति, कानुन, कार्यान्वयन, समन्वय र नियमन,
- संघीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पति व्यवस्थापन,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवा शुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट,
- कर तथा भन्सार राजस्वसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्वसम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- बीमासम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- संघ प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँड सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सम्पर्क मन्त्रालयको कार्य,
- महालेखा परीक्षकको कार्यालयको सम्पर्क मन्त्रालयको कार्य,
- निक्षेप तथा कर्जा सुरक्षण कोष, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, अवकास कोषको कार्य अनुगमन गर्ने कार्य,
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धि तालिम अध्ययन र अनुसन्धान,
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड अनुगमन र नियमन,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी, आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

# अर्थ मन्त्रालयको स्वीकृत संगठन संरचना



## ३.अर्थ मन्त्रालयसंग सम्वन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको विवरण

अर्थ मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अर्न्तगतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा परिपालना गर्नु पर्नेछ।

### ऐनहरू

- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- राष्ट्रिय बीमा संस्थान ऐन,२०२५
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- बीमा ऐन,२०४९
- निजीकरण ऐन,२०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- ऋण तथा जमानत ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोवार ऐन,२०५४
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- राष्ट्र ऋण ऐन, २०५९
- सार्वजनिक खरिद ऐन, २०६३
- धितोपत्र सम्वन्धी ऐन, २०६३
- सुरक्षित कारोवार ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- बस्तु विनिमय बजार सम्वन्धी ऐन,२०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- लेखापरीक्षण ऐन, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सालवसाली आर्थिक ऐन

## नियमावलीहरू

- मदिरा नियमावली,२०३३
- बीमा नियमावली,२०४९
- मूल्य अभिबृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६३
- धितोपत्र बजार संचालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- आर्थिक (कार्यविधि) नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४
- धितोपत्र व्यवसायी ( मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- नेपाल धितोपत्र बोर्ड खरिद सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली २०६८
- धितोपत्र दर्ता निष्काशन नियमावली २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्वन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली,२०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- राजस्व परामर्श विकास समिति गठन आदेश, २०७६

- प्राईभेट फर्म रजिष्ट्रेसन नियमावली (तेह्रौ संशोधन) नियमावली,२०७६
- कर्जा सुरक्षण (दोश्रो संशोधन) नियमावली,२०७७
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७

## निर्देशिकाहरू

- आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन २०७७)
- अन्तःशुल्क निर्देशिका, २०६८ (परिमार्जित संस्करण २०७६)
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (दोश्रो संशोधन २०७६)
- जग्गा तथा घर जग्गा निसर्गका पूँजीगत लाभकर सम्वन्धी निर्देशिका, २०७२ (पहिल संशोधन २०७६)
- बैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- कार्य संचालन निर्देशिका, २०७५

## कार्यविधिहरू

- आर्थिक पुनरुद्धार कोष (स्थापना र संचालन) कार्यविधि, २०७२
- नवीकरणीय उर्जा अनुदान (पहिलो संशोधन) नीति,२०७३
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्वन कर्जा कार्यविधि, २०७५
- सामुहिक जीवन बीमा संचालन कार्यविधि, २०७५
- सहुलियतपुर्ण कर्जाका लागि व्याज अनुदान सम्वन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बीमा सम्वन्धी कार्यविधि,२०७६
- रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाईपलाईन मार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्वन्धी कार्यविधि,२०७६
- समपुरक अनुदान सम्बन्धी कार्यविधी, २०७६
- विशेष अनुदान सम्बन्धी कार्यविधी, २०७६
- नव प्रवर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७७
- सहलगानी सम्बन्धी कार्यविधि,२०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि,२०७७

## नीति, मापदण्ड र आदेश

- अर्थ मन्त्रालय सम्वद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्वन्धी मापदण्ड,२०७३ (पहिलो संशोधन)
- घर जग्गा ब्यवस्थापन सम्बन्धी मापदण्ड,२०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता,२०७५
- बजेट तर्जुमा दिग्दर्शन,२०७५

- अन्तराष्ट्रिय आर्थिक सहायता परिचालन नीति,२०७६
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्वन्धी मापदण्ड,२०७६
- आयोजनाहरूको बहुबर्षीय ठेक्का सम्वन्धी मापदण्ड,२०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन,२०७६
- कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न अवलम्वन गरिएका कार्यहरुका कारण प्रभावित भएका असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धी मापदण्ड,२०७६
- नेपाल सरकार र प्रदेश सरकार विच समन्वय र सम्पर्क गर्ने सम्बन्धी मार्गदर्शन,२०७६
- एकीकृत सामाजिक सुरक्षा नीति,२०७६
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड,२०७७
- आयोजनाको वहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड,२०७७
- ढुगां, गिट्टी, वालुवाको पहिचान, विकास र उत्खनन् सम्बन्धी नीति,२०७७

## ४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्य क्षेत्र अन्तर्गतका नीतिगत कार्यहरु र
(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु।

## ५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वरः

| सि.नं. | | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | श्री विष्णु प्रसाद पौडेल | ४२११३९० |
| २. | सचिव | श्री शिशिर कुमार ढुङ्गाना | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री रामशरण पुडासैनी | ४२११८०४ |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री धनीराम शर्मा | ४२११८०१ |
| ५. | वित्तीय संघीयता समन्वय महाशखा | सहसचिव श्री केदारप्रसाद पनेरु | ४२११३१६ |
| ६. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री श्रीकृष्ण नेपाल | ४२११३७१ |
| ७. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री रामेश्वर दङ्गाल | ४२११३१५ |
| ८. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री रामप्रसाद घिमिरे | ४२११३२६ |
| ९. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री पराश्वर ढुङ्गाना | ४२११८१३ |
| १०. | वित्तीय क्षेत्र व्य. तथा संस्थान समन्वय महाशाखा | सहसचिव श्री दीर्घराज मैनाली | ४२११३७७ |
| ११. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री महेश आचार्य | ४२००५३७ |
| १२. | प्रशासन महाशाखा | सहसचिव श्री सुमन दाहाल | ४२११३०० |

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

(क) सूचना दिंदा लिनुपर्ने शुल्क/दस्तुर

- **सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।**
- **सामान्य आकारको (आठ दशमल तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ।**
- **दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।**
    - सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैंयाँ लाग्नेछ।
    - माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। शुरुका दश पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन।
    - डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर लाग्नेछ।
    - कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
    - सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन।
    - प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
    - मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ।
    - अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन।

(ख) **सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका**

- सार्वजनिक निकायले सूचना दिंदा लिने दस्तुर वापतको रकम नगदै लिने वा कुनै खास बैंकमा जम्मा गरी सो को भौचर पेश गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाईएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।
- अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम हुनेछ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

- **मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः**
  - सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।
- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**
  - सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- माननीय अर्थ मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

**८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः**

**८.१ आर्थिक बर्ष २०७७/७८ को बजेट**

नेपाल सरकारको कूल बजेट रु. १४ खर्व ७४ अर्व ६४ करोड मध्ये चालु खर्च तर्फ रु. ९ खर्व ४९ अर्व १३ करोड, पूँजीगततर्फ रु. ३ खर्व ५६ अर्व २५ करोड, र वित्तीय व्यवस्थातर्फ रु. १ खर्व ६९ अर्व २५ करोड रहेको छ।संघीय संसदले पारित गरेको बजेट २०७७ श्रावण १ गतेदेखि कार्यान्वयनमा ल्याइएको।

**८.२ सार्वजनिक खर्च व्यवस्थापन**

चालू आर्थिक वर्षको २०७७/२०७८ **श्रावण देखि चैत्र मसान्तसम्म**को समग्र खर्चको प्रारम्भिक विवरण निम्नानुसार रहेको छ :-

- कुल खर्च रु. ६ खर्ब ९० अर्व २८ करोड ३२ लाख, (गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.५१ प्रतिशतले बृद्धि,)
- चालु खर्च रु. ५ खर्ब २६ अर्व ९६ करोड ७९ लाख (गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.३६ प्रतिशतले बृद्धि,)

- पूँजीगत खर्च रु. १ खर्ब ०५ अर्व ७२ करोड ६८ लाख (गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.४६ प्रतिशतले बढी,)
- वित्तीय व्यवस्था रु. ५७ अर्व ५८ करोड ८५ लाख (गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २२.९९ प्रतिशतले घटी,)

### ८.३. समष्टिगत आर्थिक परिसूचकः

| क.स | आर्थिक परिसूचकहरु | उपलब्धि/अवस्था | कैफियत |
|---|---|---|---|
| १. | आर्थिक बृद्धि | ७ प्रतिशत (बार्षिक लक्ष्य) | |
| २. | उपभोक्ता मुद्रास्फीति | ३.०२ (२०७७ फागुन मसान्तसम्म) | |
| ३. | शोधनान्तर स्थिति | रु.६८ अर्व वचत (२०७७ फागुन मसान्तसम्म) | |
| ४. | वित्तीय पहुँच | ७४९ स्थानीय तहमा वैंकका शाखा (२०७७ फागुन मसान्तसम्म) | |
| ५. | बैदेशिक ब्यापार | | |
| | आयात | रु. ९ खर्ब ४३ अर्व ९९ करोड (२०७७ फागुन मसान्तसम्म) | |
| | निर्यात | रु. ८० अर्व ७८ करोड (२०७७ फागुन मसान्तसम्म) | |
| ६. | विदेशी विनिमय सञ्चिती | रु. १४ खर्ब ३६ अर्व ५४ करोड (२०७७ फागुन मसान्तसम्म) ११.३ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने अनुमान रहेको। | |
| ७. | विप्रेषण आप्रवाह | रु. ६ खर्ब ४२ अर्व १४ करोड (२०७७ फागुन मसान्तसम्म) | |
| ८. | राजस्व परिचालन | रु. ७ खर्ब १९ अर्व ४६ करोड (२०७७ चैत्र मसान्तसम्म) | |
| ९. | नेप्से परिसूचक | २७४१.७९ विन्दु (२०७७ चैत्र ३१ गते ) | |

### ८.४ राजश्व परिचालनको अवस्था

**१) राजस्व संकलनः**

- २०७७ चैत्र मसान्तसम्म कर राजस्व तर्फ रु. ६ खर्ब ३६ अर्ब ६९ करोड, गैरकर राजस्व तर्फ रु. ४७ अर्ब १७ करोड र अन्य प्राप्ति तर्फ रु. ३५ अर्ब ५९ करोड गरी जम्मा रु. ७ खर्ब १९ अर्ब ४६ करोड राजस्व संकलन भएको ।

**२) करको दायरा विस्तारः**

यस अवधिमा देहाय बमोजिम करको दायरा विस्तार भएकोः

| करदाताको प्रकार | करदाता संख्या (२०७७ माघ देखि चैत्रसम्म) | २०७७ चैत्र मसान्तसम्म |
|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्वर प्राप्त गर्ने (BPAN) | ९२३७९ | १५६४७८७ |

| | | |
|---|---|---|
| व्यक्तिगत स्थायी लेखा नम्वर प्राप्त गर्ने (PPAN) | १७५७११ | २३९३६०० |
| अग्रीम कर कट्टी प्रयोजनका लागि स्थायी लेखा नम्बर प्राप्त गर्ने (WPAN) | १६५५ | ८८२९ |
| **स्थायी लेखा नम्बर प्राप्त गर्ने जम्मा करदाता** | **२६९७४५** | **३९६७२१६** |
| मूल्य अभिवृद्धि करमा दर्ता | १२५३५ | २६६८६४ |
| अन्तःशुल्कमा दर्ता | ४५६४ | १०५४०८ |

**३) अन्य कार्यहरुः**

- माननीय अर्थमन्त्रीज्यूको समुपस्थितिमा मिति २०७७/१२/१२ मा केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठक बसी सो बैठकका निर्णयहरु सम्बन्धित निकायहरुमा आवश्यक कार्यार्थ पठाइएको।
- आन्तरिक राजस्व विभागबाट ३९२ वटा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको।
- नयाँ भन्सार एजेन्टको संख्या थप गर्ने सम्बन्धमा भन्सार एजेन्ट छनौटको लागि विज्ञापन प्रकाशित भई २०७८/०२/२२ मा लिखित परीक्षाको मिति तोकिएको।
- Nepal National Single Window (NNSW) को कार्यान्वयन सम्वन्धमा MOU गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागवाट शुरु भएको।
- निकासी पैठारी संकेत नंवर (Exim Code) प्रदान गर्ने, नवीकरण गर्ने कार्य पूर्ण स्वचालित प्रक्रियाबाट शुरु भएको।

## ८.५ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

- आ.ब. २०७७/०७८ को तेस्रो त्रैमासिक (माघ, फागुन र चैत्र) अवधिमा अनुदान सहायता रु. १ अर्ब ६४ करोड ६६ लाख र ऋण सहायता रु. १० अर्ब ८२ करोड ३१ लाख गरी जम्मा रु. १२ अर्ब ४६ करोड ९७ लाखको आर्थिक सहायता प्रतिबद्धता प्राप्त भएको ।
- माननीय अर्थमन्त्री विष्णु प्रसाद पौडेलज्यू र अन्तराष्ट्रिय मुद्रा कोषका कार्यकारी निर्देशक तथा नेपालका लागि मिसन प्रमुख बीच प्रस्तावित **Extended Credit Facility (ECF)** कार्यक्रमको तयारी लगायत अर्थतन्त्रका अन्य विविध विषयमा मिति २०७७।१०।०७

मा Virtual माध्यमबाट छलफल भएको ।सोही अनुरुप **ECF** कार्यक्रमका लागि विभिन्न चरणमा छलफल भैरहेको ।

- अन्तर्राष्ट्रिय विकास सहायता (अनुदान र ऋण) प्रसिको आगामी तीन आर्थिक वर्ष (२०७८/७९-२०७९/८०-२०८०/८१) भित्र प्राप्त हुनसक्ने प्रक्षेपण (Three Year Projection of External Assistance) तयार गरिएको ।
- नेपाल सरकार र विश्व बैंकबीच **Forest for Prosperity** आयोजनाका लागि अनुदान सहायता रु. ७० करोड ६१ लाख र ऋण सहायता रु. २ अर्ब ७ करोड २१ लाख गरी कुल रु. २ अर्ब ७७ करोड ८२ लाखको सहायता प्राप्त गर्ने सम्बन्धमा मिति २०७७ चैत्र ६ मा वित्तीय सम्झौता सम्पन्न भएको ।
- नेपाल सरकार र जर्मन सरकार बीच **Fostering Nepal's Green Recovery and Inclusive Development** का लागि अनुदान सहायता रु. ८२ करोड ४९ लाख प्राप्त गर्ने सम्बन्धमा मिति २०७७ चैत्र ११ मा वित्तीय सम्झौता सम्पन्न भएको ।
- नेपाल सरकार र विश्व बैंकबीच **Power Sector Reform and Sustainable Hydropower Development Project** का लागि अनुदान सहायता रु. ११ करोड ५५ लाख प्राप्त गर्ने सम्बन्धमा मिति २०७७ चैत्र ११ मा वित्तीय सम्झौता सम्पन्न भएको ।

## ८.६ आन्तरिक ऋण परिचालन

- आर्थिक वर्ष २०७७/७८ मा रु. २ खर्ब २५ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य रहेकोमा २०७७ चैत्र मसान्तसम्ममा रु. १ खर्ब १२ अर्ब ५१ करोड ५३ लाख उठाइएको ।

## ८.७ अन्तर सरकारी वित्त व्यवस्थापन (वित्तीय संघीयता)

- प्रदेश तथा स्थानीय तहलाई प्रदान गर्ने वित्तीय हस्तान्तरण र प्रदेश तथा स्थानीय तहबाट संकलन गरिने राजस्व, खर्च, सम्पत्तीको अभिलेख, तथ्यांङ्क व्यवस्थापन, आयोजना सञ्चालन र प्रतिवेदन प्रणालीमा भएको विद्यमान व्यवस्था र आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रमका सन्दर्भमा सातै प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवरुसँग नेपाल सरकार अर्थ मन्त्रालयका सचिवहरु, महाशाखा प्रमुखहरु, राष्ट्रिय योजना आयोगका सचिव, महालेखा नियन्त्रक, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि समेतको उपस्थितिमा मिति २०७७/१०/२१ गते छलफल कार्यक्रम सम्पन्न भएको छ ।

- नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको आधार, विधि र हिस्सा सम्बन्धी प्रस्ताव नेपाल सरकार, मन्त्रिपरिषबाट मिति २०७७/१०/५ मा स्वीकृत भई संघ, प्रदेश र स्थानीय तहमा प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट गरिएको छ।

- समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र बिशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ नेपाल सरकार मन्त्रिपरिषद्‌द्धारा मिति २०७७/१०/५ मा स्वीकृत भएको छ ।
- सहलगानी सम्वन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७७ नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७७/१०/१९ मा स्वीकृत भएको छ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को उपदफा २ बमोजिम अगामी आर्थिक वर्षमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँटफाँट बापतको रकम र वित्तीय समानीकरण अनुदानको अनुमानित रकमको विवरण मन्त्रिपरिषदको मिति २०७७/१२/१२ को निर्णय अनुसार प्रदेश तथा स्थानीय तहमा पठाइएको ।

**८.८ वित्तीय क्षेत्र तथा सार्वजनिक संस्थान व्यवस्थापन :**

- नेपाल प्रज्ञा प्रतिष्ठान कलाकार तथा कर्मचारी सेवा सम्बन्धी,(पाँचौ संशोधन) नियमावली,२०७७ मा सहमति प्रदान गरिएको ।
- नेपाल चार्टर्ड एकाउण्टेन्टस् संस्थाबाट Institute of Chartered Accountants of England and Wales (ICAEW) सँगको Mutual Recognition Agreement को स्वीकृति मागका सम्बन्धमा विभिन्न विषयहरु समावेश गरी Mutual Recognition Agreement गर्न सहमति प्रदान गरिएको।
- नेपाल चार्टर्ड एकाउन्टेन्टस् नियमावली,२०६१ को प्रस्तावित दशौ संशोधनमा विभिन्न संशोधन सहित स्वीकृति प्रदान गरिएको।
- नेपाल धितोपत्र बोर्डको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसारको नयाँ संगठन संरचना तथा दरबन्दी सृजना गर्न स्वीकृति प्रदान गरिएको।
- नेपाल सरकार,मन्त्रिपरिषद्‌को मिति २०७७/१०/१९ को निर्णयानुसार बीमा समितिको अध्यक्ष पदमा सूर्य प्रसाद सिलवाललाई नियुक्त गरिएको ।
- नेपाल खानेपानी संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली,२०७७ मा संशोधन सहित सहमति प्रदान गरिएको ।
- विदेशी विनिमयदर निर्धारण प्रणाली सम्बन्धी अध्ययन प्रतिवेदनका सम्बन्धमा राष्ट्रिय योजना आयोगलाई राय/सुझाव उपलब्ध गराइएको ।
- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/११/२५ को निर्णयानुसार नेपाल राष्ट्र बैङ्कका कार्यकारी निर्देशक श्रीमती डा. नीलम ढुङ्गाना र श्री बम बहादुर मिश्रलाई नेपाल राष्ट्र बैङ्कको डेपुटी गभर्नर पदमा नियुक्ति गरिएको ।

- नेपाल चार्टर्ड एकाउण्टेन्टस् संस्थाबाट Institute of Internal Auditors India(IIA- India) सँगको Mutual Recognition Agreement को स्वीकृति मागका सम्बन्धमा विभिन्न विषयहरु समावेश गरी Mutual Recognition Agreement गर्न सहमति प्रदान गरिएको।
- नेपाल पूनर्बीमा कम्पनी लिमिटेड, कर्मचारी सेवा शर्त (पहिलो संशोधन) विनियमावली, २०७७ र दरवन्दी तथा सांगठनिक संरचना श्री लोकसेवा आयोगबाट प्राप्त परामर्श समेतको आधारमा स्वीकृति प्रदान गरिएको।
- जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, कर्मचारी सेवा शर्त विनियमावली(सातौं संशोधन),२०७७ संशोधनको लागि सहमति प्रदान गरिएको ।
- नेपाल सरकारको अनुदान प्राप्त गरेको र ऋणमा खरिद गरेको चिनियाँ जहाजहरुको व्यवस्थापन गर्न नेपाल वायुसेवा निगमले सञ्चालन गरिरहेका y-12 र MA-60 जहाजको स्वामित्व हस्तान्तरण नगरी नेपाल सरकार र निगमको अधिकतम हित हुने गरी स्वदेशी वा विदेशी वायुयान सञ्चालकलाई लिजमा सञ्चालन गर्न खुल्ला प्रस्ताव आव्हान गरी Lease Out गर्ने र सो बमोजिम Lease Out नभएमा बिक्रेता/ उत्पादकसँगको समन्वयमा नेपाल सरकारलाई र निगमलाई अधिकतम हित हुने गरी ती जहाज बिक्रीको प्रक्रिया बढाउने गरी श्री संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई सहमति प्रदान गरिएको ।
- निर्वाचन आयोगसँग रहेको प्रिन्टिङ्ग मेसिन तथा उपकरणहरुको खरिद मिति अनुसार आयकर ऐन,२०५८ बमोजिम ह्रास खर्च कट्टी गरी कायम हुन आउने मूल्य बराबरको रकम शेयर लगानी वा ऋण लगानी मार्फत जनक शिक्षा सामाग्रि केन्द्र लि. लाई हस्तान्तरण गर्ने गरी शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयलाई सहमति प्रदान गरिएको ।

## ८.९ योजना, अनुगमन तथा मूल्याङ्कन

- आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना अनुसारको मासिक प्रगति विवरण केन्द्रिय अनुगमन प्रणालीमा नियमित रुपमा प्रविष्ट गरिएको।
- सूचनाको हक सम्वन्धी ऐन,२०६४ को दफा ५(३) प्रयोजनका लागि आर्थिक वर्ष २०७७/७८ को कार्तिक,मंसिर र पौष महिनामा सम्पादन गरिएका कार्यहरुको विवरण माघ महिनामा वेव साइटमा सार्वजनिक गरिएको। ।
- विगुल तथा हेलो सरकार मार्फत प्राप्त गुनासोहरुको सम्वोधन शत प्रतिशत फर्छ्यौट गरिएको।
- सूचना मागकर्तालाइ सूचनाको हक सम्वन्धी ऐन २०६४, बमोजिम नियमित रुपमा सूचना प्रदान गरिएको

- आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम, वजेट कार्यान्वयन कार्ययोजना अनुसार हाल सम्मका ८२ प्रतिशत कार्य सम्पन्न भएका, १३ प्रतिशत कार्य प्रकृयामा रहेका र ४ प्रतिशत कार्य शुरुवाती अवस्थामा रहेका छन।
- चालु आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम, वजेट कार्यान्वयन कार्ययोजना र विकास कार्यक्रमको दोश्रो चौमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को वैठक मिति २०७७/१२/११ मा सम्पन्न भएको।

## ८.१० प्रशासनिक तथा सांगठनिक सुधार

- यस अवधिमा ३ वटा (बेरूजु फछ्र्यौट मुल्याङ्कन र अनुगमन समितिको वार्षिक प्रतिवेदनमा उल्लिखित सुझाव एवं सिफारिसहरू कार्यान्वयन गर्ने सम्बन्धी, कृष्णनगर भन्सार कार्यालयको यार्ड विस्तारको लागि जग्गा प्राप्त गर्न स्विकृति प्रदान गर्ने सम्बन्धी, बेरूजु फछ्र्यौट अनुगमन समितिको सचिवालयको अस्थायी  दरबन्दी स्वीकृत सम्बन्धी) प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयको लागि पठाइएको र उक्त प्रस्तावहरूमध्ये  बेरूजु फछ्र्यौट मुल्याङ्कन र अनुगमन समितिको वार्षिक प्रतिवेदनमा उल्लिखित सुझाव एवं सिफारिसहरू कार्यान्वयन गर्ने स्विकृति प्रदान गर्ने सम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्बाट स्विकृत भएको।
- नोभल कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न अपनाउनु  पर्ने पूर्व सावधानी सहित कार्यालय सञ्चालनको व्यवस्था मिलाइएको।
- यस मन्त्रालयमा हुने Virtual Meeting का लागि आवश्यक उपकरणहरूको व्यवस्थापन गरी प्राविधिक सहयोग गरिएको।
- यस मन्त्रालमा रहेका महत्वपूर्ण निर्णय तथा कागजातहरू विद्युतिय प्रणालीमा सुरक्षित राख्ने प्रणाली विकास भई गत. आ.ब.मा २६,९४२ पाना  Digitization  गरिएकोमा चालु आ.ब.को पौष मसान्तसम्म ४६ हजार पाना Digitization कार्य सम्पन्न भएको तथा ५५ हजार पाना कागजातहरू Digitization कार्य भइरहेको।
- भन्सार ऐन, २०६४ बमोजिम जफत भएका सवारी साधनहरूका साथै एउटा सरकारी निकायको दर्ता, स्वामित्वमा रहेको सवारी साधन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली  २०६४ बमोजिम अर्को सरकारी निकायले प्रयोग गर्ने गरी विभिन्न सरकारी निकायलाई ११ थान चार पाङ्ग्रे सवारी साधन  हस्तान्तरण  गरिएको ।
- यस मन्त्रालय र अन्तर्गत कूल बेरूजु ५६ अर्ब ७३ करोड ६९ लाख ८५ हजार रहेकोमा २०७७ चैत्र मसान्तसम्म ६ अर्ब ४५ करोड १८ लाख ३८ हजार फछ्र्यौट भई ११.३७ प्रतिशत प्रगति भएको।

## ८.११ आर्थिक नीति विश्लेषण

- सार्वजनिक ऋण व्यवस्थापन कार्यको प्रभावकारिता र एकरुपताका लागि ऋण संचालन तथा व्यवस्थापन प्रणाली (DOMS) संचालन गर्ने सम्बन्धमा मा. मन्त्रिस्तरबाट भएको निर्णयहरु कार्यान्वयनको लागि सम्बन्धित निकायहरुमा पठाईएको।
- साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लाई रु ७० करोड ऋण लगानी गरिएको।
- काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्डलाई रु २ अर्ब ८ करोड १३ लाख ऋण लगानी गरिएको।
- दक्षिण एशियाली उप-क्षेत्रीय आर्थिक सहयोग विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयनको लागि एशियाली विकास बैंकबाट २० करोड अमेरिकी डलर ऋण सहायता र ३ करोड ५० लाख अमेरिकी डलर अनुदान सहायता लगानी गर्नको लागि सहायता शर्तहरु स्वीकृत गरी तमसुक गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई पठाइएको ।
- अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु मार्फत अन्तर्राष्ट्रिय बजारमा स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न दिने व्यवस्था मिलाउन जारी गरिएको स्थानीय मुद्रामा ऋणपत्र जारी गर्ने व्यवस्था, २०७० (संशोधन समेत) मा तेस्रो संशोधन गरी कार्यान्वयनमा आएको ।
- गैर आवासीय नेपाली संघले स्थापना गरेको N.R.N. Nepal, Development Fund Company Limited मा नेपाल सरकारको रु. ५० करोडसम्मको शेयर लगानीको प्रतिबद्धता जनाइएको ।
- नेपाल विद्युत प्रधिकरण अन्तर्गत विभिन्न आयोजना कार्यान्वयन गर्न नेपाल सरकारको श्रोत तर्फ रु.२४ करोड ३४ लाख ऋण लगानी गरिएको।
- आर्थिक सर्वेक्षण तयारीको क्रममा सुदुर पश्चिम, कर्णाली, लुम्विनी र गण्डकी प्रदेशमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- युवा उद्यमशिलता प्रवर्द्धन गर्नका लागि युवा उद्यमिहरुसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- नेपाल सरकार र नगर विकास कोष बीच भएको सहायक ऋण सम्झौताको शर्तको अधिनमा रहि दोस्रो चौमासिक निकासा रकम रु. २७ करोड ३९ लाख ९९ हजारको ऋण तमसुक स्वीकृत गरि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा पठाइएको ।
- २०७७ माघ, फागुन र चैत्र महिनाको अर्थ बुलेटिन प्रकाशन गरिएको ।

## ९. गुनासो व्यवस्थापन

अर्थ मन्त्रालय र यस मन्त्रालयको मातहतका निकायहरुका सम्वन्धमा सरोकारवालाहरुका गुनासो व्यवस्थापन, अनुगमन तथा मूल्यांकन महाशाखाले गर्दै आएको छ। यस अवधिमा यस मन्त्रालयमा प्राप्त गुनासोहरुलाई गुनासोसंग सम्वन्धित महाशाखा तथा विभागहरुमा फर्छ्यौटका लागि पठाईएको र

सो सम्वन्धमा गरिएको कारवाहीको जानकारी यस मन्त्रालयमा उपलब्ध गराउने संयन्त्रको विकास गरिएको छ। यस अवधिमा अर्थ मन्त्रालय र मातहतका निकायहरुको कार्यसंग सम्वन्धित गुनासोहरुको सुनुवाईको अवस्था यसप्रकार रहेको छः

| **गुनासोको माध्यम** | **प्राप्त संख्या** | **फछ्यौंटको लागि पत्राचार भएको संख्या** | **फछ्यौंटको लागि पत्राचार भएको प्रतिशत** |
|---|---|---|---|
| हेलो सरकारबाट प्राप्त गुनासो | १० | १० | |
| राजस्वसंग सम्बन्धित | ४ | २ | २ वटा प्रक्रियामा रहेको |
| वित्तीय क्षेत्रसंग सम्बन्धित | ५ | ३ | २ वटा प्रक्रियामा रहेको |
| प्रशासनसंग सम्बन्धित | १ | १ | |
| अर्थ मन्त्रालयको गुनासो ब्यवस्थापन प्रर्णाली | १ | १ | |

## १०. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्वर

| | | |
|---|---|---|
| प्रमुख | सचिव | ४२११६१ |
| प्रवक्ता तथा सूचना अधिकारी | सहसचिव महेश आचार्य | ४२००५३७ |

## ११. सूचनाको हक सम्वन्धि ऐन, २०६४ को दफा ३ र ७ (१) बमोजिम माग गरेको सूचना र उपलव्ध गराइएको सूचना संख्या :

माग गरिएको सूचना संख्या : ५

उपलव्ध गराइएको सूचना संख्या : ५

## १२. अन्य विवरणः (क) मन्त्रालय र अन्तर्गत विभागहरुको वेभसाइटः

| नाम | उपयोग |
|---|---|
| www.mof.gov.np | अर्थ मन्त्रालयका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| www.fcgo.gov.np | महालेखा नियन्त्रक कार्यालयका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| www.ird.gov.np | आन्तरिक राजस्व विभागका प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |
| www.customs.gov.np | भन्सार विभागका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| www.pfmtc.gov.np | सार्वजनिक वित्त व्यवस्थापन तालीम केन्द्रका प्रकाशन तथा अन्य सूचनामुलक जानकारी |
| www.pdmo.gov.np | सार्वजनिक ऋण व्यवस्थापन सम्वन्धी प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |

**(ख) अर्थ मन्त्रालयका प्रकाशनहरु :-**

**अर्थ मन्त्रालयले आफुसंग सम्बन्धित कामहरूको प्रगति विवरण तथा प्रतिवेदनहरू, बजेट सम्वन्धी दस्तावेजहरु मन्त्रालयको वेभसाइटमा राखुका साथै छपाई गरेर प्रकाशन गरी सर्वसाधारणको सहज पहुँच स्थापित गरिएको छ। मन्त्रालयका तर्फवाट प्रकाशन गरिएका प्रकाशनहरू देहाय बमोजिम रहेका छन्:-**

- बजेट कार्यान्वयन कार्ययोजना
- बजेट तर्जुमा दिग्दर्शन
- कार्य सञ्चालन निर्देशिका
- मन्त्रालयहरूको प्रगति विवरण
- प्राविधिक सहायता सम्बन्धी विवरण
- विनियोजन ऐन र आ.व. २०७७/७८ को व्यय अनुमानको विवरण
- आर्थिक ऐन र राजस्वको नीति तथा कार्यक्रम
- राष्ट्र ऋण उठाउने ऐन
- ऋण तथा जमानत ऐन
- आर्थिक सर्वेक्षण
- वजेट वक्तव्य
- सार्वजनिक संस्थानहरूको स्थिति प्रतिवेदन
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिमको वार्षिक प्रतिवेदन
- IECCD Newsletter प्रकाशन
- लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९
- सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन,२०७५आर्थिक वर्ष २०७६/७७ की नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना, २०७६
- सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली नेतृत्वको सरकारका दुई बर्षको अवधिमा अर्थ मन्त्रालयवाट सम्पादन भएका प्रमुख कार्य तथा उपलव्धिहरु, २०७६
- आयोजनाको वहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड,२०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि,२०७७
- Development Cooperation Report (DCR), 2020.
- आर्थिक वर्ष २०७७/२०७८ को वजेटको अर्धवार्षिक मुल्याङन प्रतिवेदन ।

**(ग) मन्त्रालय अन्तर्गतका विभागीय प्रमुखहरुः**

| पद | नाम, थर | कार्यालय | फ्याक्स नं. | टेलिफोन नं.. |
|---|---|---|---|---|
| महालेखा नियन्त्रक | श्री मधुकुमार मरासिनी | महालेखा नियन्त्रक कार्यालय | ४७७१२९० | ४७७१२९० |
| महानिर्देशक | श्री यमलाल भुषाल | भन्सार विभाग | ४११७२१८ | ४११७२२३ |

| | | | | |
|---|---|---|---|---|
| महानिर्देशक | श्री झक्क प्रसाद आचार्य | आन्तरिक राजस्व विभाग | ४४११७७८ | ४४१०३४० |
| तालिम प्रमुख | श्री वावुराम भण्डारी | सार्वजनिक वित्त व्य. तालिम केन्द्र | ५५२४९८९ | ५५२३१७१ |
| कार्यालय प्रमुख | श्री बाबुराम सुवेदी | सार्वजनिक ऋण व्य. कार्यालय | ४२३९३०३ | ४२३९२७३ |

## (घ) आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुको टेलिफोन र फ्याक्स नम्वरहरुः

| सि.नं. | कार्यालयको नाम | कोड नं | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व विभाग | ०१ | ४४१५८०२ | ४४११७८८ |
| २ | ठूला करदाता कार्यालय | ०१ | ५०१००५० | ५०१००५१ |
| ३ | मध्यमस्तरिय करदाता कार्यालय, ववरमहल | ०१ | ४२२१९६६ | ४२२२६०८ |
| ४ | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | ०२३ | ४५५०१२ | ४५५०१९ |
| ५ | आन्तरिक राजस्व कार्यालय, दमक | ०२३ | ५८५७५२ | ५८५७५२ |
| ६ | आन्तरिक राजस्व कार्यालय, धरान | ०२५ | ५२०९८२ | ५२८२८३ |
| ७ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | ०२१ | ५३०१६६ | ५२२७१७ |
| ८ | आन्तरिक राजस्व कार्यालय, लाहान | ०३३ | ५६०१८८ | ५६०४४९ |
| ९ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | ०४१ | ५२०१३६ | ५२०२९७ |
| १० | आन्तरिक राजस्व कार्यालय, सिमरा | ०५३ | ५२०९३० | ५२०७१३ |
| ११ | आन्तरिक राजस्व कार्यालय, वीरगंज | ०५१ | ५२२०६६ | ५२२११२ |
| १२ | आन्तरिक राजस्व कार्यालय, हेटौंडा | ०५७ | ५२३१०१ | ५२०३०८ |
| १३ | आन्तरिक राजस्व कार्यालय, भरतपुर | ०५६ | ५२०१०६ | ५२६७७८ |
| १४ | आन्तरिक राजस्व कार्यालय, दमौली | ०६५ | ५६०१३५ | ५६०१३५ |
| १५ | आन्तरिक राजस्व कार्यालय, पोखरा | ०६१ | ४६४३६३ | ४६४४४९ |
| १६ | आन्तरिक राजस्व कार्यालय, बागलुङ्ग | ०६८ | ५२००२९ | ५२०१२९ |
| १७ | आन्तरिक राजस्व कार्यालय, भैरहवा | ०७१ | ५२०८५७ | ५२१७६३ |
| १८ | आन्तरिक राजस्व कार्यालय, वुटवल | ०७१ | ५५०५२४ | ५५०५२३ |
| १९ | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | ०७६ | ५२०६३२ | ५२००३२ |
| २० | आन्तरिक राजस्व कार्यालय, दाङ | ०८२ | ५२२१०९ | ५२०००९ |
| २१ | आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज | ०८१ | ५२००२६ | ५२६२०९ |
| २२ | आन्तरिक राजस्व कार्यालय, सुर्खेत | ०८३ | ५२५१७२ | ५२५१७२ |
| २३ | आन्तरिक राजस्व कार्यालय, धनगढी | ०९१ | ५२१२०६ | ५२१२०६ |
| २४ | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर | ०९९ | ५२१११८ | ५२११०६ |
| २५ | आन्तरिक राजस्व कार्यालय, ललितपुर | ०१ | ५०१००९ | ५०१००१० |
| २६ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | ०१ | ६६१२२२६ | ६६१४७९५ |
| २७ | आन्तरिक राजस्व कार्यालय, धुलिखेल | ०११ | ४९०७९६ | ४९०७८६ |
| २८ | आन्तरिक राजस्व कार्यालय, चावहिल | ०१ | ४४८४३४० | ४४८४३४० |
| २९ | आन्तरिक राजस्व कार्यालय, कोटेश्वर | ०१ | ४४८९२४७ | ४४८९२४७ |
| ३० | आन्तरिक राजस्व कार्यालय, पुतलीसडक | ०१ | ४२४३१७६ | ४२४२१७६ |
| ३१ | आन्तरिक राजस्व कार्यालय, वत्तिसपुतली | ०१ | ४४८५५९० | ४११३६९० |
| ३२ | आन्तरिक राजस्व कार्यालय, बानेश्वर | ०१ | ४४८४६७१ | ४४८५५४३ |
| ३३ | आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर | ०१ | ४२३०५६३ | ४२३०५६३ |
| ३४ | आन्तरिक राजस्व कार्यालय, नयाँसडक | ०१ | ४२६६५७२ | ४२६६६५३ |
| ३५ | आन्तरिक राजस्व कार्यालय, ठमेल | ०१ | ४२१८९५३ | ४२१८९५३ |
| ३६ | आन्तरिक राजस्व कार्यालय, महाराजगंज | ०१ | ४४१९२६४ | ४४१९२६४ |
| ३७ | आन्तरिक राजस्व कार्यालय, बालाजु | ०१ | ४३८९७९१ | ४३८९७९४ |
| ३८ | आन्तरिक राजस्व कार्यालय, कलंकी | ०१ | ४२८९९५२ | ४२८५९५१ |

| | | | | |
|---|---|---|---|---|
| ३९ | आन्तरिक राजस्व कार्यालय, कालिमाटी | ०१ | ४२८३६५८ | ४२८२८१२ |
| ४० | आन्तरिक राजस्व कार्यालय, टंगाल | ०१ | ४४३९४७७ | ४४३९४७६ |
| ४१ | आन्तरिक राजस्व कार्यालय, ललितपुर २ | ०१ | ५५३६९३२ | ५५३६९३२ |
| ४२ | आन्तरिक राजस्व कार्यालय, डँडेलधुरा | ०९६ | ४१०३०५ | ४१०३०९ |
| ४३ | आन्तरिक राजस्व कार्यालय, इटहरी | ०२५ | ५२१६५५ | ५८१६५५ |
| ४४ | आन्तरिक राजस्व कार्यालय, जुम्ला | ०८७ | ५२०५५२ | ५२०५५२ |
| ४५ | आन्तरिक राजस्व कार्यालय, कावासोती | ०७८ | ५४०५०१ | |
| ४६ | आन्तरिक राजस्व कार्यालय, जोरपाटी | | ४९१४१९० | |
| ४७ | करदाता सेवा कार्यालय, विराटचोक, मोरङ्ग | ०२१ | ५४५९५९ | ५२२७१७ |
| ४८ | करदाता सेवा कार्यालय, मलङ्गवा, सर्लाही | ०४६ | ५२०४५३ | |
| ४९ | करदाता सेवा कार्यालय, राजविराज, सप्तरी | ०३१ | ५२०२६७ | |
| ५० | करदाता सेवा कार्यालय, लुक्ला, सोलुखुम्वु | | ९८५२८५०१४२ | |
| ५१ | करदाता सेवा कार्यालय, लम्की | ०९१ | ५४०४५५ | |
| ५२ | करदाता सेवा कार्यालय, खोटाङ्ग | ०३६ | ४२००१० | |
| ५३ | करदाता सेवा कार्यालय, गल्छी, धादिङ्ग | ०१० | ४०३२३३ | ४०३२३४ |
| ५४ | करदाता सेवा कार्यालय, धनकुटा | ०२६ | ५२०१४० | ५२०१४१ |
| ५५ | करदाता सेवा कार्यालय, इलाम | ०२७ | ५२०११२ | ५२०११२ |
| ५६ | करदाता सेवा कार्यालय, उदयपुर | ०३५ | ५२१५४१ | ४२१५४१ |
| ५७ | करदाता सेवा कार्यालय, पाल्पा | ०७५ | ५२०११७ | ५२२०४२ |
| ५८ | करदाता सेवा कार्यालय, बर्दिवास | ०४४ | ५५०४६९ | ५५०४६९ |
| ५९ | करदाता सेवा कार्यालय, गौर, रौतहट | ०५५ | ५२०४२९ | ५२०४२९ |
| ६० | करदाता सेवा कार्यालय, फिदिम, पाँचथर | ०२४ | ५२११३१ | |
| ६१ | करदाता सेवा कार्यालय, खाँदवारी, संखुवासभा | ०२९ | ५६०८१७ | |
| ६२ | करदाता सेवा कार्यालय, भोजपुर | ०२९ | ४२०६३३ | |
| ६३ | करदाता सेवा कार्यालय, ओखलढुङ्गा | ०३७ | ५२०७२९ | |
| ६४ | करदाता सेवा कार्यालय, जलेश्वर | ०४४ | ५२०८५५ | |
| ६५ | करदाता सेवा कार्यालय, लालबन्दी | ०४६ | ५०११७७ | |
| ६६ | करदाता सेवा कार्यालय, कलैया | ०५३ | ५५२०३२ | |
| ६७ | करदाता सेवा कार्यालय, चन्द्रपुर | ०५५ | ५४०६३४ | |
| ६८ | करदाता सेवा कार्यालय, सिन्धुली | ०४७ | ५२१३५८ | |
| ६९ | करदाता सेवा कार्यालय, मन्थली | ०४८ | ५४००९५ | |
| ७० | करदाता सेवा कार्यालय, चरिकोट | ०४९ | ४२१२७५ | |
| ७१ | करदाता सेवा कार्यालय, खैरहनी चितवन | ०५६ | ५८२८२० | |
| ७२ | करदाता सेवा कार्यालय, गोरखा | ०६४ | ४२००६६ | |
| ७३ | करदाता सेवा कार्यालय, बेसीशहर | ०६६ | ५२१४६७ | |
| ७४ | करदाता सेवा कार्यालय, परासी | ०७८ | ५२०७७५ | |
| ७५ | करदाता सेवा कार्यालय, पुतलीवजार | ०६३ | ४२०८८८ | |
| ७६ | करदाता सेवा कार्यालय, कुस्मा | ०६७ | ४२२२३० | |
| ७७ | करदाता सेवा कार्यालय, तम्घास | ०७९ | ५२००१९ | |
| ७८ | करदाता सेवा कार्यालय, तौलिहवा | ०७६ | ५६०९४३ | |
| ७९ | करदाता सेवा कार्यालय, चकचके प्युठान | | ९८५७८३६०५६ | |
| ८० | करदाता सेवा कार्यालय, सन्धिखर्क | ०७७ | ४२०९२० | |
| ८१ | करदाता सेवा कार्यालय, गुलरीया | ०८४ | ४२०७२५ | |
| ८२ | करदाता सेवा कार्यालय, श्रीनगर सल्यान | ०८८ | ४००१६४ | |

| | | | | |
|---|---|---|---|---|
| ८३ | करदाता सेवा कार्यालय, साँफेवगर अछाम | ०९७ | ६२५२७४ | |
| ८४ | करदाता सेवा कार्यालय, दिपायल | ०९४ | ५९००३० | |
| ८५ | करदाता सेवा कार्यालय, पथरी | ०२१ | ५५५१२२ | |

## (ङ) भन्सार विभाग र अन्तर्गतका कार्यालयहरुको टेलिफोन र फ्याक्स नम्बरहरु:

| सि.नं. | विभाग/ कार्यालयको नाम | कोड नं | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १ | भन्सार विभाग | ०१ | ४११७२२३ | ४२५९८०८ |
| २ | ओलाङचुङगोला भन्सार, ताप्लेजुङ्ग | ०२७ | ५५०००४ | ५५०००४ |
| ३ | पशुपतिनगर भन्सार | ०२७ | ५५०००४ | ५५०००४ |
| ४ | मेची भन्सार | ०२३ | ५६२०३४ | ५६२००४ |
| ५ | भद्रपुर भन्सार, भद्रपुर | | ९८५२६२००३९ | |
| ६ | विराटनगर भन्सार | ०२१ | ४३५८४३ | ४३६२९७ |
| ७ | किमाथाङ्का भन्सार, संखुवासभा | | | |
| ८ | सुनसरी भन्सार | ०२५ | ४६००३० | ४६००३० |
| ९ | राजविराज भन्सार | ०३१ | ५२०१९६ | ५२०१९६ |
| १० | सिराहा भन्सार | ०३३ | ५२०३२२ | ५२०१५६ |
| ११ | जनकपुर भन्सार | ०४१ | ५२०१६६ | ५२०८५० |
| १२ | जलेश्वर भन्सार | ०४४ | ५२०२०२ | ५२०२०२ |
| १३ | सर्लाही भन्सार | ०४६ | ५२०१५४ | ५२०१५४ |
| १४ | गौर भन्सार | ०५५ | ५२०११० | ५२०२२० |
| १५ | वीरगंज भन्सार | ०५१ | ५२२२२० | ५२८७०० |
| १६ | सुक्खा वन्दरगाह भन्सार | ०५१ | ६२११६२ | ५३३३२२ |
| १७ | लार्के भन्सार, गोरखा | | | |
| १८ | मुस्ताङ्ग भन्सार, नेचुङ्ग | | | |
| १९ | महेशपुर भन्सार, नवलपरासी | | ९८५७०४६९४४ | |
| २० | भैरहवा भन्सार | ०७१ | ५२०१२४ | ५२०८३४ |
| २१ | सुठौली भन्सार, कपिलवस्तु | | | |
| २२ | कृष्णनगर भन्सार | ०७६ | ५२००३० | ५२००७३ |
| २३ | कोइलावास भन्सार | ०७६ | ५२००३० | ५२००७३ |
| २४ | नेपालगञ्ज भन्सार | ०८१ | ५२०२७९ | ५२०२७६ |
| २५ | राजापुर भन्सार | ०८४ | ४२०९३३ | ४६०१५० |
| २६ | मुगु भन्सार, मुगु | | | |
| २७ | यारिनाका भन्सार, हुम्ला | | | |
| २८ | सती भन्सार, कैलाली | | ९८५८४८८४०९ | |
| २९ | कैलाली भन्सार | ०९१ | ५२११४२ | ५२११४२ |
| ३० | कञ्चनपुर भन्सार | ०९९ | ५२१२३६ | ५२२३१४ |
| ३१ | महाकाली भन्सार, सुलाधाट | ०९५ | ६९०८६३ | ६९०८६३ |
| ३२ | लामाबगर भन्सार कार्यालय, दोलखा | | | |
| ३३ | तातोपानी भन्सार | ०११ | ४८०१३१ | ४८०१३४ |
| ३४ | त्रि.वि.स्थल भन्सार | ०१ | ४४७०११० | ४४७४४२६ |

| सि.नं. | विभाग/ कार्यालयको नाम | कोड नं | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| ३५ | रसुवा भन्सार | ०१० | ६७०१८२ | |
| ३६ | भन्सार जाँचपास परीक्षण | ०१ | ४४६२३८१ | ४४६२३८५ |

## (च) मन्त्रालय अन्तर्गतका बिभिन्न निकायहरुको टेलिफोन नं. र फ्याक्स नम्बरहरु :

| सि.नं. | कार्यालयको नाम | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १ | नेपाल राष्ट्र बैंक (केन्द्रिय कार्यालय) | ४४१०३८६ | ४४१०१५९ |
| २ | राष्ट्रिय वाणिज्य बैंक | ४२५२५९५ | ४२५२९३१ |
| ३ | कृषि विकास बैंक (केन्द्रिय कार्यालय) | ४२६२६९० | ४२६२९२९ |
| ४ | ऋण असुली पुनरावेदन न्यायाधिकरण | ४२२४८९१ | ४२२४९११ |
| ५ | ऋण असुली न्यायाधिकरण | ४४४१४१९ | ४४४१४१८ |
| ६ | नागरिक लगानी कोष | ४७८५७८४ | ४७८४९४५ |
| ७ | वीमा समिति | ४८११०५७ | ४८१०४९० |
| ८ | राष्ट्रिय विमा संस्थान | ४२६२५२० | ४२६२६१० |
| ९ | कर्मचारी संचय कोष | ५०१०१६५ | ५०१०२३० |
| १० | साना किसान विकास बैंक (वित्तीय संस्थान) | ४१११८२८ | ४१११९०१ |
| ११ | निक्षेप तथा कर्जा सुरक्षण कोष | ४४२१२४१ | ४४१०१२७ |
| १२ | धितोपत्र बोर्ड, नेपाल | ५५४१०५७ | ५५४१०५८ |
| १३ | नेपाल स्टक एक्सचेन्ज लिमिटेड | ४२५०७३५ | ४२६२५३८ |
| १४ | राष्ट्रिय वीमा कम्पनी लिमिटेड | ४२५८८६६ | ४२५८७२१ |
| १५ | नेपाल पुनर्विमा कम्पनी लिमिटेड | ४२१८४५८ | ४१०१५९३ |
| १६ | सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड | ४२३८००८ | ४२४०३५७ |

# अर्थ मन्त्रालय
## कार्यालय कोड नं.: ३०५००३५०१

## खर्चको फाटवारी
### चैत्र महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्ष:-** २०७७/७८

**बजेट उपशीर्षक :** ३०५०००११३-अर्थ मन्त्रालय

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १२०,२००,०००.०० | -५,८४५,०८५.८१ | ८१,९३५,८१३.०६ | ९,१६३,७६३.१६ | ९१,०९९,५७६.२२ | ० | ९१,०९९,५७६.२२ | २९,१००,४२३.७८ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ३,४००,०००.०० | ० | १,३८६,३३७.०१ | २४२,१६०.०० | १,६२८,४९७.०१ | ० | १,६२८,४९७.०१ | १,७७१,५०२.९९ |
| २११२१ | पोशाक | २,१००,०००.०० | ० | ० | २,०६०,०००.०० | २,०६०,०००.०० | ० | २,०६०,०००.०० | ४०,०००.०० |
| २११३२ | महंगी भत्ता | ४,७००,०००.०० | -२८९,०६६.६७ | ३,३३६,४०५.६० | ४१३,०००.०० | ३,७४९,४०५.६० | ० | ३,७४९,४०५.६० | ९५०,५९४.४० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १,९००,०००.०० | -१२,७५०.०० | ८८२,२५०.०० | १६४,७५०.०० | १,०४७,०००.०० | ० | १,०४७,०००.०० | ८५३,०००.०० |
| २११३९ | अन्य भत्ता | १००,०००.०० | ० | ५,०००.०० | ० | ५,०००.०० | ० | ५,०००.०० | ९५,०००.०० |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | ४००,०००.०० | ० | ९७,५०५.३९ | १८,५००.०० | ११६,००५.३९ | ० | ११६,००५.३९ | २८३,९९४.६१ |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ७००,०००.०० | ० | ० | ० | ० | ० | ० | ७००,०००.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ९००,०००.०० | ० | ६७१,६००.०० | ८२,४००.०० | ७५४,०००.०० | ० | ७५४,०००.०० | १४६,०००.०० |
| २२१११ | पानी तथा बिजुली | ८,२००,०००.०० | ० | २,७६२,७३६.८३ | २८९,१०१.०२ | ३,०५१,८३७.८५ | ० | ३,०५१,८३७.८५ | ५,१४८,१६२.१५ |
| २२११२ | संचार महसुल | ३,१००,०००.०० | -३,२४३.०० | १३२,०१९.९१ | ९,४८८.८० | १४१,५०८.७१ | ० | १४१,५०८.७१ | २,९५८,४९१.२९ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १२,१००,०००.०० | ० | ६,३३४,६३९.२८ | १,०९२,३७६.३४ | ७,४२७,०१५.६२ | ० | ७,४२७,०१५.६२ | ४,६७२,९८४.३८ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ११,५००,०००.०० | ० | ९,१५३,४०८.०० | ५५०,४७६.०० | ९,७०३,८८४.०० | ० | ९,७०३,८८४.०० | १,७९६,११६.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ३,०००,०००.०० | ० | १,७२६,३८१.५० | ० | १,७२६,३८१.५० | १,२९०,१००.०० | ४३६,२८१.५० | १,२७३,६१८.५० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २,८००,०००.०० | ० | २,६४६,४३६.०० | १५,६९५.०० | २,६६२,१३१.०० | ० | २,६६२,१३१.०० | १३७,८६९.०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १,८००,०००.०० | ० | ७३१,१७५.०० | १७४,७७१.०० | ९०५,९४६.०० | ० | ९०५,९४६.०० | ८९४,०५४.०० |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २,६००,०००.०० | ० | ९०५,८४७.०० | ३६१,८४८.०० | १,२६७,६९५.०० | ० | १,२६७,६९५.०० | १,३३२,३०५.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १४,६००,०००.०० | ० | १०,२५४,३२०.४० | ६९६,८७७.०० | १०,९५१,१९७.४० | ० | १०,९५१,१९७.४० | ३,६४८,८०२.६० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २००,०००.०० | ० | ९९,०१६.०० | २१,७७५.०० | १२०,७९१.०० | ० | १२०,७९१.०० | ७९,२०९.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १००,०००.०० | ० | २८,४७६.०० | ० | २८,४७६.०० | ० | २८,४७६.०० | ७१,५२४.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २१,१००,०००.०० | -१११,१०८.०० | ११,४०२,२७१.१६ | ६७५,२६७.०० | १२,०७७,५३८.१६ | ० | १२,०७७,५३८.१६ | ९,०२२,४६१.८४ |
| २२४११ | सेवा र परामर्श खर्च | १,८००,०००.०० | ० | ० | ० | ० | ० | ० | १,८००,०००.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २,५००,०००.०० | -२१३,६७४.०० | १,००९,७२०.०० | २१३,६७४.०० | १,२२३,३९४.०० | ० | १,२२३,३९४.०० | १,२७६,६०६.०० |
| २२४१३ | करार सेवा शुल्क | १८,९००,०००.०० | ० | ८,५२१,३१४.८८ | १,२५८,९२०.०० | ९,७८०,२३४.८८ | ० | ९,७८०,२३४.८८ | ९,११९,७६५.१२ |
| २२५२२ | कार्यक्रम खर्च | १८,७००,०००.०० | -९००,९००.०० | ३,०९८,०३०.०० | १,३६९,५८५.०० | ४,४६७,६१५.०० | ७२३,६००.०० | ३,७४४,०१५.०० | १४,२३२,३८५.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ८,७००,०००.०० | ० | ६६२,८४६.०० | ७३८,५५७.०० | १,४०१,४०३.०० | ० | १,४०१,४०३.०० | ७,२९८,५९७.०० |
| २२६१२ | भ्रमण खर्च | १,०००,०००.०० | ० | १७९,६१४.०० | ४५,६३३.०० | २२५,२४७.०० | ० | २२५,२४७.०० | ७७४,७५३.०० |
| २२७११ | विविध खर्च | १३,४३०,१३५.०० | -९,४७५.०० | ६,९१७,२८१.०० | १,६१९,४५५.०० | ८,५३६,७३६.०० | ० | ८,५३६,७३६.०० | ४,८९३,३९९.०० |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | १५,१००,०००.०० | ० | ८,०००,०००.०० | २,३००,०००.०० | १०,३००,०००.०० | ० | १०,३००,०००.०० | ४,८००,०००.०० |
| २६४१२ | सरकारी निकाय, समिति एवं | १,०००,०००,०००.०० | ० | १,०००,०००,०००.०० | ० | १,०००,०००,०००.०० | ० | १,०००,०००,०००.०० | ०.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बोर्डहरूलाई सःसर्त चालु अनुदान | | | | | | | | |
| २७११२ | अन्य सामाजिक सुरक्षा | ०.०० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | २,०००,०००.०० | ० | ७१०,१६४.०० | ११२,३२२.०० | ८२२,४८६.०० | ० | ८२२,४८६.०० | १,१७७,५१४.०० |
| **कुल जम्मा** | | **१,२९७,६३०,१३५.००** | **-७,३८५,३०२.४८** | **१,१६३,५९०,६०८.०२** | **२३,६९०,३९४.३२** | **१,१८७,२८१,००२.३४** | **२,०१३,७००.००** | **१,१८५,२६७,३०२.३४** | **११०,३४९,१३२.६६** |

# अर्थ मन्त्रालय

## कार्यालय कोड नं.: ३०५००३५०१

## खर्चको फाटवारी

चैत्र महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्ष:-** २०७७/७८

**बजेट उपशीर्षक :** ३०५०००११४-अर्थ मन्त्रालय

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | ३,४००,०००.०० | ० | १,२४९,२१५.०० | ७५९,६५८.०० | २,००८,८७३.०० | ० | २,००८,८७३.०० | १,३९१,१२७.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | २,०००,०००.०० | ० | ६७५,४९२.०० | १६६,२७९.०० | ८४१,७७१.०० | ० | ८४१,७७१.०० | १,१५८,२२९.०० |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १,०००,०००.०० | ० | ० | ० | ० | ० | ० | १,०००,०००.०० |
| कुल जम्मा | | ६,४००,०००.०० | ० | १,९२४,७०७.०० | ९२५,९३७.०० | २,८५०,६४४.०० | ० | २,८५०,६४४.०० | ३,५४९,३५६.०० |